वास्तवमा, सबैभन्दा खराब व्यक्तिहरूमध्ये ती हुनेछन् जो कयामतको (प्रलय) बेला जीवित रहनेछन् र जसले चिहानहरूलाई मस्जिद (प्रार्थनास्थल) बनाउँछन् ।

अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "वास्तवमा, सबैभन्दा खराब व्यक्तिहरूमध्ये ती हुनेछन् जो कयामतको (प्रलय) बेला जीवित रहनेछन् र जसले
चिहानहरूलाई मस्जिद (प्रार्थनास्थल) बनाउँछन् ।" [हसन] [अहमदले वर्णन गरेका छन्]

यस हदीसमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले सबैभन्दा खराब मानिसहरू को हुन् भनेर बताउनु भएको छ, सबैभन्दा खराब मानिसहरू ती हुन् जसको जीवनकालमा कयामत हुनेछ र जसले चिहानहरूलाई मस्जिदमा परिणत गर्नेछन् र त्यसको नजिक वा त्यसतिर फर्केर नमाज पढ्नेछन्।"

http://www.sunnah.global/hadeeth/ne/show/3375